नेपाल सरकार

# शहरी विकास मन्त्रालय

## चालु आ.व. देखि हालसम्मको प्रगति सम्बन्धी विज्ञप्ती

**१. मन्त्रालयको वित्तीय प्रगति:**

चालु आ.व. २०८१/८२ मा यस मन्त्रालयको बजेट जम्मा रू ९१ अर्ब ३५ करोड २३ लाख रहेकोमा संघ तर्फ ६८ अर्ब १९ करोड २८ लाख १८ हजार रहेको छ। जसमध्ये चालु तर्फ रु. ४ अर्ब ४५ करोड ८३ लाख २ हजार र पुँजीगत तर्फ रू ६३ अर्ब ७३ करोड ४५ लाख १६ हजार बिनियोजित छ । हालसम्म यस मन्त्रालयको कूल वित्तीय खर्च ६ अर्ब ३५ करोड ६२ लाख ८२ हजार रहेको छ ।

**२. चालू आर्थिक वर्ष २०८१/८२ को शहरी विकास मन्त्रालय (संघीय कार्यालय) बाट कार्यान्वयन हुने पूँजीगत कार्यक्रमहरूको प्रगति:**

चालू आ.व.को जम्मा ३ हजार ७ सय १६ वटा नयाँ कार्यक्रमहरू मध्ये जम्मा १ हजार ६ सय २३ वटा कार्यक्रमहरूको बोलपत्र आव्हान भईसहकेको छ ।त्यसैगरी बोलपत्र आव्हान भएका १ हजार ६ सय २३ वटा कार्यक्रमहरू मध्ये पनि ८ सय ७० वटा कार्यक्रमहरूको ठेक्का सम्झौता भई ३० वटा कार्यक्रमहरूको निर्माण कार्य सम्पन्न भईसकेको छ। बोलपत्र आव्हान हुन नसकेका बाँकी २ हजार ९३ वटा कार्यक्रमहरू मध्ये २ सय ८८ वटा कार्यक्रमहरू बहुबर्षीय स्वीकृतिको लागि प्रस्तावित कार्यक्रमहरू हुन् भने ८० वटा कार्यक्रमहरू संशोधनको लागि प्रस्तावित कार्यक्रमहरू हुन्। संशोधनको लागि प्रस्तावित ८० वटा कार्यक्रमहरू मध्ये ४४ वटा संशोधन भएको छ भने बाँकी संशोधन हुने प्रक्रियमा छन्।त्यसैगरी १ हजार ४ सय ५९ वटा पुराना (क्रमागत तथा बहुबर्षीय स्वीकृत कार्यक्रमहरू) मध्ये चालू आर्थिक बर्षमा जम्मा २ सय ८० वटा कार्यक्रमहरू सम्पन्न भईसकेका छन् ।

**३. हालको सरकार गठन भएको दोस्रो सय दिन (२०८१ माघ १७ गतेसम्म) को अवधिमा सम्पन्न गरिने प्रमुख कार्यहरुको उपलब्धी :**

सभाहल/ सिटिहलको निर्माण कार्य अन्तर्गत सुनसरीको लौकही सभाहल र बाँकेको नेपालगंज सिटिहलको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा लौकही सभाहलको निर्माण कार्य अन्तिम चरणमा रहेको र नेपालगञ्ज सिटिहलको ठेक्का अनुसारको निर्माण कार्य सम्पन्न भई विल फरफारकको अन्तिम चरणमा रहेको छ। त्यसैगरी भैंसेपाटी स्थित मन्त्री निवासको दोस्रो चरणको निर्माण कार्य र चण्डीदल गणका लागि भवन निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म भैसेपाटी स्थित मन्त्री निवासको दोश्रो चरणको निर्माण कार्य ८० % सम्पन्न भई बाँकी निर्माण कार्य भईरहेको छ भने चण्डीदल गणका लागि भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको छ।

आवगमनको सुधार हुने दोस्रो सय दिन भित्रमा १० कि.मी ग्रामीण कालोपत्रे सडक निर्माण हुने लक्ष्य रहेकोमा हालसम्म झापा, रोल्पा र पर्वत गरी ३ जिल्लाहरुमा जम्मा ६.९ कि.मी. निर्माण भएको छ। त्यसैगरी जम्मा ३ वटा स्थानीय सडक पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ३ वटै सडकपुल निर्माण भई लक्ष्य अनुसारको उपलब्धी हासिल भईसकेको छ। त्यसैगरी पहिलो १०० दिनमा ५० वटा र दोस्रो सय दिनमा ३० वटा गरी जम्मा ८० वटा झोलुंगे पुल निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म १०१ वटा झोलुंगे पुल निर्माण भई लक्ष्य भन्दा बढी प्रगति हासिल भएको छ।

स्थानीय तहबाट हुने सार्वजनिक सेवा प्रवाह सहज रूपमा दिने उद्देश्यका साथ यस मन्त्रालयले पहिलो सय दिनमा जम्मा २५ वटा र दोस्रो सय दिनमा ५ वटा गरी जम्मा ३० वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म ३० वटै स्थानीय तहहरुको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरी सार्वजनिक सेवा सुचारू भएको छ । त्यसैगरी गणेशमान स्मृति समावेशी भवन निर्माण कार्य पनि अन्तिम चरणमा रहेको छ।
साथै १०० हे. सिंचित क्षेत्रफल वृद्धि गर्ने उद्देश्य रहेको साना सिंचाइ कार्यक्रम कार्यान्वयनमा गईसकेको छ।

४. **अन्य उपलब्धीहरू :**

१. मिति २०८१/०८/२८ मा मन्त्री परिषदबाट राष्ट्रिय शहरी नीति स्वीकृत भएको छ।

२. स्थानीय पूर्वाधार विकास विभागबाट त्रिवेणी सुस्ता बहुत्तरी झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न भई सम्माननीय राष्ट्रपतिज्यूबाट समुदघाटन भई संचालनमा आइसकेको छ।

३. शहरी विकास तथा भवन निर्माण विभागबाट झापा स्थित दमक व्यापारिक कम्पलेक्सको निर्माण सम्पन्न भई सम्माननीय प्रधानमन्त्री ज्यूबाट समुदघाटन भएको छ ।

४. काठमाडौं उपत्यका विकास प्राधिकरणबाट सार्वजनिक जग्गा संरक्षण अन्तर्गत कीर्तिपुरमा चम्पादेवी पार्क र भैंसेपाटि प्लाजा (पहिलो चरण) गरी दुई वटा पार्क निर्माण सम्पन्न भएको छ।

५. संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट "कीर्तिपुर क्रिकेट मैदानमा अन्तराष्ट्रिय मापदण्ड अनुरूप फ्लडलाईट जडान कार्य। "को २०८१/०९/५ गते शुक्रबार बोलपत्र आव्हान भइ २०८१/०९/१२ गते Pre-bid meeting सम्पन्न भएको छ ।

प्रवक्ता